जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक


# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ७० • २०८३ साल साउन १३ गते बुधबार (29 July, Wednesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-


## बुवा र छोराको मिलेमतोमा अनियमितता !



**टुडे समाचारदाता**

सिरहा । सिरहाको सुखीपुर नगरपालिका अन्तर्गत रहेको नगर अस्पतालका प्रमुख डा. लुस्युनकुमार यादवले साउन महिनाभरिको हाजिरी एकैदिन गरेको आरोप लागेको छ । अस्पतालको हाजिरी रजिस्टरमा साउन २८ गतेसम्मको उपस्थितिमा एकैपटक हस्ताक्षर गरिएको देखिएको छ ।

हाजिरी रजिस्टरको प्रतिलिपि अनुसार डा. यादवले आधा महिना पनि नबित्दै साउन २८ गतेसम्मको हाजिरी गरेका छन् । अस्पताल स्रोतको अनुसार उक्त हस्ताक्षर असार महिनाकै पहिलो सातामा गरिएको छ ।

अस्पतालका एक कर्मचारीका अनुसार डा. यादवले दैनिक हाजिरी नगरी दुई-तीन महिनाको हाजिरी एकैपटक गर्ने गरेका छन् । ती कर्मचारीले डा. यादव अस्पतालमा कहिलेकाहीँ मात्र आउने भए पनि पूरा उपस्थितिको हाजिरी हुने गरेको दाबी गरेका छन् ।

करिब चार वर्षअघि करार सेवाअन्तर्गत नवौं तहमा नियुक्त भएका डा. यादव सुखीपुर नगरपालिकाका मेयर रामऔतार यादवका छोरा हुन् । कर्मचारीको अनुसार नगर प्रमुखका छोरा भएकाले अस्पतालभित्र उनको कार्यशैलीबारे प्रश्न उठाउने वातावरण नरहेको छ । यस विषयमा प्रतिक्रिया माग्दा डा. यादवले आरोप अस्वीकार गरेका छन् ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चयचन्द्र साहले भने उक्त विषय आफ्नो जानकारीमा नरहेको प्रतिक्रिया दिएका छन् । यता मेयर रामऔतार यादवले भने यस विषयमा बोल्न चाहेनन् ।

### नारायणी अस्पतालका चिकित्सकको सामूहिक राजीनामा

# आकस्मिक बाहेकका सेवा ठप्प, वार्तास्थलमै दुर्व्यवहार भएको आरोप

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जस्थित नारायणी अस्पतालमा चिकित्सकमाथि भएको कुटपिट, अस्पतालमा भएको तोडफोड तथा आन्दोलनरत चिकित्सकमाथि प्रहरीबाट दुर्व्यवहार भएको आरोपपछि नेपाल चिकित्सक संघले मंगलबार देशभरका सरकारी अस्पतालमा आकस्मिक बाहेकका सबै स्वास्थ्य सेवा बन्द गरेको छ । आन्दोलनका क्रममा नारायणी अस्पतालका चिकित्सकहरूले सामूहिक राजीनामा समेत दिएका छन् ।

नेपाल चिकित्सक संघले मंगलबार विज्ञप्ति जारी गर्दै देशभरका सरकारी अस्पतालमा आकस्मिक सेवा बाहेकका सबै सेवा स्थगित गर्ने घोषणा गरेको छ । संघले साउन ९ गते वीरगञ्जस्थित नारायणी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूमाथि भएको सांघातिक आक्रमण र अस्पतालमा भएको तोडफोडको विरोधमा आन्दोलन शुरु गरेको जनाएको छ ।

संघले उक्त घटनामा डा. प्रमोद रामको टाउकोमा गम्भीर चोट लागेको थियो भने अन्य चिकित्सक तथा स्वास्थ्यकर्मीहरू पनि घाइते भएको जनाएको छ । घटनामा संलग्नलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ अनुसार कारबाही गर्न संघले माग गर्दै आएको छ ।

संघले घटनामा संलग्नमाथि कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय पर्सामा भएको वार्ताका क्रममा प्रमुख जिल्ला अधिकारी भोला दाहालको उपस्थितिमा जिल्ला प्रहरी कार्यालय पर्साका एसपी सुदीपराज पाठकले प्रहरी परिचालन गरी संघका केन्द्रीय कार्यकारिणी समितिका सदस्य तथा नारायणी शाखाका अध्यक्षलगायत चिकित्सकहरूमाथि गालीगलौज र दुर्व्यवहार गरेको आरोप लगाएको छ ।




यस घटनालाई चिकित्सकहरूको मानमर्दन भएको भन्दै संघले एसपी पाठक र प्रमुख जिल्ला अधिकारी दाहालमाथि समेत कारबाहीको माग गरेको छ । आन्दोलनका थप कार्यक्रम सर्वपक्षीय भेलापछि सार्वजनिक गरिने संघले जनाएको छ ।

आन्दोलनका कारण अस्पताल पुगेका बिरामीहरू उपचार नपाई फर्किन बाध्य भएका छन् । दैलेखका रामप्रसाद दाहाल वीर अस्पतालमा शल्यक्रियाका लागि तोकिएको मितिमा बिहानै पुगेका थिए। तर ओपिडी सेवा बन्द भएपछि उनको शल्यक्रिया अनिश्चित बनेको छ ।

उनले भने, "साउन ६ गते आउँदा आजको मिति दिनुभएको थियो । तर आज सेवा बन्द रहेछ । अब कहिले उपचार हुन्छ भन्ने थाहा छैन । एक हप्ता वा त्योभन्दा बढी कुर्नुपर्ने हुन सक्छ । दैलेखबाट बिदा मिलाएर आएको थिएँ, अब बिदा पनि सकिन लागेको छ। आन्दोलनको विकल्प खोजिएको भए बिरामीले यस्तो सास्ती भोग्नुपर्दैनथ्यो ।"

त्यस्तै भारतको रक्सौलबाट काठमाण्डु उपचारका लागि आएकी सफ्रोन खातुन एमआरआई रिपोर्ट देखाउन वीर अस्पताल पुगेकी थिइन् । मंगलबार साँझ फर्किने टिकटसमेत काटिसकेकी उनी सेवा बन्द भएको थाहा पाएपछि अन्योलमा परेकी छन् ।

चिकित्सकहरूको आन्दोलनपछि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले स्वास्थ्य सेवा नरोक्न आग्रह गरेको छ ।

मन्त्रालयका सह-प्रवक्ता डा. समिरकुमार अधिकारीले जारी गरेको अपिलमा स्वास्थ्य सेवाको संवेदनशीलता, चिकित्सक पेशाको गरिमा तथा सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै नागरिकको उपचारमा कुनै अवरोध नआउने गरी निर्वाध रूपमा स्वास्थ्य सेवा सञ्चालन गर्न सबै अस्पताललाई अनुरोध गरिएको छ ।

मन्त्रालयले चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामाथि भएका कुटपिट र दुर्व्यवहारका घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै दोषीलाई कानुनी दायरामा ल्याउन सम्बन्धित निकायले आवश्यक प्रक्रिया अघि बढाइरहेको जनाएको छ ।

यता आन्दोलनकै क्रममा वीरगन्जस्थित नारायणी अस्पतालका चिकित्सकहरूले सामूहिक रूपमा राजीनामा दिएका छन् ।

गत शनिबार अस्पतालमा भएको तोडफोड तथा चिकित्सकमाथि भएको कुटपिटको विरोधमा अस्पतालका चिकित्सकहरूले सामूहिक राजीनामा बुझाएका छन् । उनीहरूले प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुखको राजीनामा माग गर्दै आन्दोलन गरिरहेका थिए । माग पूरा नभएपछि सामूहिक राजीनामाको निर्णय गरिएको चिकित्सकहरूको भनाइ छ ।

बालरोग विशेषज्ञ डा. रामसुफल रामका अनुसार अस्पतालमा कार्यरत करिब ७० चिकित्सकमध्ये सोमबार राति १० बजेसम्म ३० जनाले मेडिकल सुपरिन्टेन्डेन्ट डा. चित्तरञ्जन साहसमक्ष राजीनामा बुझाइसकेका थिए ।

"अहिलेसम्म करिब ६५ जना चिकित्सकले राजीनामा बुझाइसकेका छन् । बाँकीले पनि मंगलबार बुझाउनुहुन्छ होला," उनले बताए ।

चिकित्सकहरूले आफ्ना माग सम्बोधन नभए देशभरका चिकित्सकहरूले समेत सामूहिक राजीनामा दिने चेतावनी दिएका छन् ।

आन्दोलन लम्बिए देशभरका अस्पतालको नियमित सेवा थप प्रभावित हुने र त्यसको प्रत्यक्ष असर सर्वसाधारण बिरामीमाथि पर्ने देखिन्छ । तर चिकित्सकहरुले भने सेवा प्रवाह कार्य नै ठप्प गरेर आन्दोलन गर्नु दुःखद रहेको टिप्पणी समेत हुन थालेको छ ।

### कोशी ब्यारेजदेखि इटहरीसम्म कर्फ्यु

# सडक अवरुद्ध गरी प्रधानमन्त्री र गृहमन्त्रीको राजीनामा माग

**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा दुई समुदायबीच भएको झडप नियन्त्रण गर्ने क्रममा प्रहरीको गोली लागेर एक युवाको मृत्यु भएपछि त्यसको प्रभाव पूर्वी नेपालका विभिन्न जिल्लामा फैलिएको छ । घटनापछि सुनसरीमा कर्फ्यु आदेश जारी गरिएको छ भने सिरहा, धनुषा, सप्तरी, धनुषालगायत मधेश प्रदेशका विभिन्न जिल्लामा विरोध प्रदर्शन, सुरक्षा सतर्कता र सर्वपक्षीय छलफल भएका छन् ।

प्रदर्शन हिंसात्मक बन्दै गएपछि जिल्ला प्रशासन कार्यालय सुनसरीले कोशी ब्यारेजदेखि इटहरीको पकलीचोकसम्म कर्फ्यु आदेश जारी गरेको छ ।

प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले जारी गरेको आदेशअनुसार मंगलबार अर्को सूचना जारी नभएसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(क) बमोजिम कर्फ्यु लागू गरिएको छ ।

कर्फ्यु क्षेत्र पूर्व-पश्चिम राजमार्गअन्तर्गत पूर्वमा इटहरीको पकलीचोकदेखि पश्चिममा कोशी ब्यारेजसम्म तथा राजमार्गको उत्तर-दक्षिण २०० मिटर क्षेत्रभित्र तोकिएको छ । उक्त क्षेत्रमा सर्वसाधारणको आवतजावत, भेला, जुलुस, प्रदर्शन, सभा, बैठक तथा घेराउजस्ता गतिविधिमा पूर्ण प्रतिबन्ध लगाइएको प्रशासनले जनाएको छ ।

प्रशासनले जनाए अनुसार सार्वजनिक शान्ति-सुरक्षा कायम राख्न, थप हिंसा रोक्न तथा जनधनको क्षति हुन नदिन कर्फ्यु जारी गरिएको छ । सर्वसाधारणलाई अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन र कर्फ्यु आदेशको पूर्ण पालना गर्न आग्रह गरिएको छ ।

साउन १० गते राति देवानगञ्ज गाउँपालिका-३ मा पर्ने कप्तानगञ्जमा दुई समुदायबीच भएको झडप नियन्त्रण गर्ने क्रममा प्रहरीले गोली चलाएको थियो । गोली लागेर देवानगञ्जका ओमप्रकाश मेहताको मृत्यु भएको थियो । घटनामा नौ जना स्थानीय घाइते भएका छन् भने नेपाल प्रहरी र सशस्त्र प्रहरीका गरी एक दर्जनभन्दा बढी सुरक्षाकर्मी पनि घाइते भएका छन् ।

घटनापछि सुनसरीको दक्षिणी क्षेत्रमा सोमबार दिनभर निषेधाज्ञा तथा कर्फ्यु लागू गरिएको थियो । सरकारले घटनाको छानबिनका लागि गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा छानबिन समिति गठन गरी अनुसन्धान अघि बढाएको जनाएको छ ।



> सुनसरी घटनाका दोषीलाई कारबाहीको माग गर्दै जनकपुरधाम, सप्तरीको राजविराज, वीरगञ्जलगायत अन्य स्थानमा पनि विरोध प्रदर्शन भएका छन् ।

सुनसरी घटनाको निष्पक्ष छानबिन तथा दोषीमाथि कारबाहीको माग गर्दै सिरहाका विभिन्न स्थानमा प्रदर्शन गरिएको छ ।

गोलबजार नगरपालिका-८ पुरानो चोक (चोहर्वा) मा प्रदर्शनकारीले केहीबेर पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका थिए । प्रदर्शनका क्रममा प्रधानमन्त्री र गृहमन्त्रीको राजीनामाको मागसमेत गरिएको थियो ।

त्यस्तै धनगढीमाई नगरपालिका-८ मा पर्ने कसहामा पनि केहीबेर सडक अवरुद्ध भएको थियो । जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक (एसपी) बासुदेव पाठकका अनुसार आन्दोलनकारीसँगको छलफलपछि करिब आधा घण्टापछि सडक सञ्चालनमा आएको थियो ।

प्रहरीले प्रदर्शनका क्रममा कुनै अप्रिय घटना हुन नदिन तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न जिल्लाका विभिन्न संवेदनशील क्षेत्रमा अतिरिक्त सुरक्षाकर्मी परिचालन गरेको जनाएको छ ।

सुनसरी घटनाका दोषीलाई कारबाहीको माग गर्दै जनकपुरधाम, सप्तरीको राजविराज, वीरगञ्जलगायत अन्य स्थानमा पनि विरोध प्रदर्शन भएका छन् ।

यता देवानगञ्ज घटनाले उग्ररुप लिएपछि मधेशसहित देशव्यापी रुपमा प्रदर्शनहरु हुन थालेपछि सो घटनाको प्रभाव जनकपुरधामसहितको क्षेत्रमा समेत पर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय धनुषाले सर्वपक्षीय सद्भाव बैठक आयोजना गरेको छ ।

बैठकले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र साम्प्रदायिक एकता कायम राख्न सबै पक्षले संयमता अपनाउने प्रतिबद्धता जनाएको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जनाए अनुसार विभिन्न धर्म, जातजाति, भाषाभाषी तथा समुदायबीच आपसी भाइचारा कायम राख्न समुदायका अगुवा, नागरिक समाज, राजनीतिक दल, स्थानीय तहका जनप्रतिनिधि तथा विभिन्न संघसंस्थाले सक्रिय भूमिका निर्वाह गर्ने सहमति भएको छ ।


बैठकले विरोध प्रदर्शनका नाममा तोडफोड, आगजनी वा सार्वजनिक तथा निजी सम्पत्तिमा क्षति पुऱ्याउनेमाथि प्रचलित कानुनअनुसार कारबाही गर्ने निर्णय गरेको छ ।

त्यसैगरी फेसबुक, टिकटकलगायत सामाजिक सञ्जालमार्फत धार्मिक विद्वेष, घृणा वा सामाजिक सद्भाव खलबल्याउने सामग्री प्रसारण तथा प्रचारप्रसार गर्ने गतिविधिमाथि निगरानी बढाउने निर्णय पनि गरिएको छ ।

प्रशासनले मुलुकी अपराध संहिता, २०७४, विद्युतीय कारोबार ऐन, २०६३ तथा अन्य प्रचलित कानुनबमोजिम आपराधिक गतिविधिमा संलग्न व्यक्तिलाई कारबाही गरिने स्पष्ट पारेको छ ।

सुनसरीको देवानगञ्ज घटनापछि सुरक्षा निकायले पूर्वी तथा मधेश प्रदेशका संवेदनशील जिल्लामा निगरानी बढाएको छ । प्रशासनले कुनै पनि अपुष्ट सूचना वा भ्रामक सामग्री सामाजिक सञ्जालमा साझा नगर्न, कानुन हातमा नलिन तथा सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न सबै नागरिकसंग आग्रह गरेको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# दंगा गर्नेलाई कडा कारबाही गर

कोशी प्रदेशको सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिकाको वडा नम्बर ३ कप्तानगञ्जमा दुई समुदायबीच झडप हुँदा स्थिति असमान्य बनेको थियो । आइतबार राति भएको झडपको क्रममा प्रहरीले चलाएको गोली लागेर एकजना हिन्दू युवकको मृत्यु भएको थियो । त्यसपछि स्थिति झन् चर्कियो । हिन्दूहरु आफ्नो सुरक्षाको माग र दोषीलाई कारबाहीको माग गर्दै सडकमा निक्लिए । सडकमा हिन्दूहरु आउन थालेपछि सो क्षेत्रमा कफ्र्यु लगाइयो । तर आक्रोशित हिन्दूहरुले कफ्र्युको उल्लंघन गर्दै प्रदर्शन गर्न थालेका थिए । कफ्र्युको व्यापक अवज्ञा भएपछि सरकारले नेपाली सेनाको परिचालन गरेको छ । सेनाको गस्तीसंगै सडक शान्त देखिएको छ । कफ्र्युको पालना भएको छ । तर जनजीवन समान्य भइसकेको छैन । दुबै समुदायमा त्रास र आक्रोश छ । कप्तानगञ्जमा भएको घटनाको विरोधमा अन्य जिल्लाहरुमा समेत सनातन धर्मावलम्बीहरुले प्रदर्शन गरे । मृतकलाई शहीद, दोषीलाई सख्त कारबाही गर्नुपर्ने माग पीडित पक्षको छ । पीडित पक्षले अर्को समुदायका मानिसहरुले सोमवारको बोलबमको तयारी भइरहेको अर्को समुदाय(मुस्लिम पक्ष)का केही मानिसहरुले आक्रमण गरेको आरोप लगाएको छ । सरकारले घटनाको सत्यतथ्य छानबिन गर्न सह सचिवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ । त्यो समितिले घटनाको यथार्थ सरकारलाई बताउने छ । घटनाको छानविन होला ? त्यसको प्रतिवेदन पनि आउला ? तर दोषी भनिएकाहरुलाई कारबाही हुनैपर्छ । नेपालमा यस्तो घटना पहिलो होइन । छठ पूजा, सरस्वती पूजा, होलीलगायतका पर्वहरुमा यस्ता घटनाहरु दोहोरिरहेको छ । अनुसन्धान त्यसतर्फ पनि हुनुपर्छ । हिन्दू, मुसलमान, क्रिश्चियन, बौद्ध धर्म सबैलाई आ-आफ्नो धर्म र संस्कृति अनुसारको कार्यक्रमहरु गर्न छुट दिएको छ । सबै धर्मानुरागीहरुले आफ्नो धर्म, संस्कृतिको प्रचारप्रसारमा योगदान गर्नु सकारात्मक कार्य हो । तर अन्य धर्मावलम्बीहरुको धर्म, संस्कृतिको विरोधमा क्रियाकलाप गर्न हुँदैन । विगतमा पनि हिन्दूहरुसित यस्त घटनाहरु भएका थिए । कयौँ मानिस घाइते भए । देशमा हिन्दूपछि मुसलमानहरुको जनसंख्या छ । मुसलमानहरु पनि समृद्ध छन् । उनीहरुको राजनीतिक पहुँच पनि बलियो छ । तर त्यसको उन्माद देखाउनु राम्रो होइन । हिन्दूहरुले मुसलमानलाई धार्मिक गतिविधि गर्न कुनै प्रकारको बाधा पुऱ्याउँदैन । हरेक घटनामा मुसलमानहरु दोषी देखिन्छन् । यसप्रति मुसलमानका अगुवाहरुले गम्भीरतापूर्वक सोच्नु पर्छ । नेपालमा सबै धर्मावलम्बीहरु रहेका छन् । तर विगतमा धार्मिक विवाद न्यून थियो । अहिले धार्मिक विवादले हिंसात्मक रुप लिन थालेको छ । कप्तानगञ्जको घटनामा प्रहरीले गोली चलाउनु पर्ने स्थिति रहको वा नरहेको अनुसन्धान हुनुपर्छ । घटनामा संलग्नहरुलाई कडा कारबाही हुनुपर्छ । मृतकका परिवारलाई क्षतिपूर्ति राज्यले दिनुपर्छ । गोली चलाउनु पर्ने कारण यकिन गरी दोषी सुरक्षाकर्मीलाई समेत कडा कारबाही हुनुपर्छ । सामाजिक सद्भावलाई बिगार्ने कसैलाई पनि छुट दिन हुँदैन ।

# सम्बृद्धिको इन्जिन बन्न सक्छन् बैंक-वित्तीय संस्था ?



● रिसव गौतम

नेपालको अर्थतन्त्रमा अहिले एक खालको विरोधाभाष छ । सरकारसँग विकासका लागि पर्याप्त पुँजी छैन तर बैकिङ्ग प्रणालीमा लगानी गर्न सकिने उच्च तरलता निक्रिय छ । यही विरोधाभाषले एउटा प्रश्न जन्माएको छ, के नेपालको सम्बृद्धिको इन्जिन अब बैंकिङ्ग क्षेत्र बन्न सक्छ ? यही प्रश्न वरिपरि यो लेख केन्द्रित छ ।

समकालिन नेपालको सबैभन्दा भरपर्दो र विश्वासिलो क्षेत्र बैंक तथा वित्तिय क्षेत्र हो । तुलनात्मक रुपमा भरपर्दा र विश्वासिला भएकै हिसावले आम मान्छेको कुनै न कुनै सम्बन्ध साइनो यी संस्थाहरुसँग हुन्छ । बैंक तथा वित्तिय संस्थाहरु आजको नेपालका विश्वासका धरोहर मात्र होइनन् पुँजीका मुल स्रोत समेत हुन् । तर यी संस्थाहरु हालैका केही बर्षयता स्पष्ट 'रोडम्याप' तय गर्न चुकिरहेका छन् ।

०४६ सालपछिको राजनीतिक परिवर्तन र त्यसले सुनिश्चित गरेको उदार आर्थिक नीतिका परिणाम नीजि क्षेत्रका बैंक तथा वित्तिय संस्थाले फड्को मारेका हुन् । अहिले भरपर्दा र विश्वासिला, बलिया देखिएका बैंक तथा वित्तीय संस्थाहरुको मेरुदण्ड बलियो बनाउन नेपाल राष्ट्र बैंक र ती संस्थाका पुराना ब्यवस्थापकहरुको अमुल्य योगदान छ । तर अहिले जुन पैमानामा (झण्डै १५ खर्ब) बैंकहरुमा लगानीयोग्य तरलता थुप्रिएको छ, त्यो तरलता ब्यवस्थापन गर्न, मौद्रिक र वित्तिय नीतिमा लक्षित लगानी विस्तार गर्न बैंकहरुले सकिरहेका देखिदैन् । अर्थात लगानी विस्तार गरि सम्बृद्धिलाई दिशाबोध गर्न बैंकहरुले सकिरहेका छैन् ।

जस्तो कि हालै सरकारले आर्थिक बर्ष ०८३-०८४ का लागि २१ खर्ब २४ अर्बको बजेट ल्यायो । बजेटलाई लिएर विभिन्न खालका टिप्पणीहरु भए । तर बजेट जे जस्तो आएपनि मुल विषय भनेको पुँजीगत स्रोतको सुनिश्चितता हो । पुँजी हुँदा न ब्यापक जनचाहना सम्बोधन गर्न सकिने हो । पुँजीले भ्याएन भने असन्तुष्टीहरु थुप्रिने मात्र हो । खासगरी विगतका सरकारहरुले जनताका आवश्यकता सम्बोधन गर्न नसक्नुको कारण कमजोर पुँजीगत बजेटले गर्दा पनि हो । र, अहिलेको सरकार सफल वा असफल हुने मुल कारक तत्व पनि विकास निर्माण र जनचाहना सम्बोधनका लागि पुँजी नै हुन्छ । सरकारले यथेष्ट लगानी गर्न सक्यो भने सोही अनुसार नीजि क्षेत्रले पनि लगानी बढाउन सक्छ । सरकारले लगानी बढाउन सकेन, नीजि क्षेत्रको लगानी विस्तारको लागि पुर्वाधार खडा गर्न सकेन भने लगानी विस्तार हुन सक्दैन । त्यसकारण जसरी पनि पुँजी नै विकासको बाहक हो आजको जमानामा । पुँजी नहुँदा पिसाब फेर्न मुस्किल पर्छ शहरमा भने अरु कुरा त त्यस्तै हो ।

त्यसकारण कुनैपनि राष्ट्रको विकास निर्माण र सम्बृद्धिमा पुँजी नै मुल साधन हो । त्यो साधन सरकारले देखाउने विश्वासनियता, उसको ब्यवसायमैत्री भुमिका र लचिलो आर्थिक नीतिमा जुट्न सक्छ । जस्तो यसपालीको बजेटमा विकास निर्माणको लागि छुटयाइएको पुँजीगत बजेट ४ खर्ब ३१ अर्ब १० करोड अर्थात कुल बजेटको २०.३ प्रतिशत छ । त्यो छुट्याइएको बजेटको पनि स्रोत सुनिश्चितता छैन । आन्तरिक तथा वैदेशिक ऋण तथा अनुदानबाट नपुग बजेटको स्रोत जुटाइने भनिएको छ । जस्तो कि १२ खर्ब ७० अर्ब ५८ करोड रकम चालु खर्चका लागि छुट्याइएको छ । त्यो बजेट भनेको कर्मचारीको तलब भत्ता, कार्यालय सञ्चालन, सामाजिक सुरक्षा आदि जस्ता अनिर्वाय प्रकृतिका खर्चका लागि छुट्याइएको बजेट हो । अहिलेको अवस्थामा नेपालको राजस्वको स्रोतले धान्ने बजेट भनेको चालु खर्चका लागि मात्रै हो । त्यसबाहेक ऋणपानकै भर पर्छ । सार्वजनिक ऋण पनि ३० खर्ब नाघिसकेको अवस्थामा हरेक बर्ष वित्तिय व्यवस्थापन खर्च बढीरहने र पुँजीगत बजेट खुम्चने अवस्था सिर्जना हुँदैछ । त्यसकारण नेपालको विकास निर्माण र सम्बृद्धिको गाडी साच्चै दौडाउने भनेको नीजि क्षेत्रलाई उत्साहित गरेर हो । सरकारले त गत बर्ष ४ खर्ब ७ अर्ब पुँजीगत छुट्याइएकोमा १ खर्ब ९० अर्ब ८४ करोड मात्र खर्च गर्न सक्यो । अर्थात सरकारले ४६ प्रतिशत मात्र पुँजीगत खर्च गर्न सक्नुको विडम्बना भित्रको वास्तविकता के हो ? त्यो बेग्लै बहसको विषय होला । किनभने त्यो भनेको जस्तो ऋणपान वा अनुदान वा स्रोत नभएर पनि हुनसक्छ । यसरी एक आर्थिक बर्षभरी चानचुन २ खर्ब विकास बजेट खर्च गरेर ३ करोड जनताको विकास चाहना पुरा होलान् त ? एक आर्थिक बर्षमा २ खर्ब लगानीले कति रोजगारी, कति उत्पादन वा उत्पादकत्व बढाउला त ? राज्यले नै भने जस्तो लगानी विस्तार गर्न नसक्दा नीजि क्षेत्रले कसरी गर्ला ? विचारणीय छ । त्यसकारण यो पंक्तिकारले जोड्न खोजेको विषय अहिले सरकार भन्दा नीजि क्षेत्र निकै बलियो अवस्थामा छ आर्थिक दृष्टिले । नीजि क्षेत्रलाई फकाएर, भने जस्तो ब्यवसायिक वातावरण बनाइदिएर सरकारले सम्बृद्धिको रेलगाडी अघि बढाउनु पर्छ । जस्तो कि अहिले बैंक तथा वित्तिय संघ सस्थासँग १५ खर्ब हाराहारी लगानीयोग्य पुँजी थुप्रिएको छ । त्यो पुँजीलाई बैंकहरुले मुलभुत रुपमा उत्पादनमुलक क्षेत्रमा लगानी गर्न सके भने त्यसले निकै ठुलो रोजगारी, उत्पादन बढाउन सक्छ ।

जस्तो कि आजको दक्षिण कोरिया र भियतनामले औद्योगिकरणको सुरुवाती चरणमा बैंकिङ्ग प्रणालीमार्फत उत्पादनशील क्षेत्रमा लक्षित कर्जा प्रवाह गरेर नीजि क्षेत्रको विस्तारलाई सघाएका थिए । यद्यपी नेपालका बैंकहरुले सम्बृद्धिमा सघाउने गरि लगानी नै गरेनन् भन्ने होइन् । उनीहरुले जलविधुत क्षेत्रमै मात्र पनि ५ खर्ब बढी लगानी गरिसकेका छन् । पर्यटनमा पनि पछिल्ला बर्षहरुमा बैंकहरुले लगानी बढाइरहेका छन् । यस क्षेत्रमा बैंकहरुको कुल कर्जाको ४ प्रतिशत लगानी पुगिसकेको छ ।

कृषि र किसानमा उनीहरुको लगानी अझै कमजोर देखिन्छ । कुल कर्जाको १० प्रतिशत कृषिमा लगानी गनुपर्ने भएपनि बैकहरुले हालसम्म ४ खर्ब भन्दा १५ अर्ब चानचुन लगानी गरेका छन् । जबकी यस क्षेत्रमा ५१ प्रतिशत मानिस आश्रित छन् र जीडीपीमा यसले करिव २५ प्रतिशत योगदान राख्छ ।

तरपनि तुलनात्मक रुपमा नेपालका वित्तिय क्षेत्र सवल र अर्थतन्त्रलाई योगदान दिएकै क्षेत्र हुन् । र, अब पनि देशको सम्बृद्धीमा कसैले दिशाबोध गर्न सक्छ भने त्यो भनेको बैंकिग क्षेत्रले मात्र हो । किनकी पुँजीको बागडोर सरकारसँग हैन, वित्तिय क्षेत्रसँग छ । त्यो पनि पर्यात तरलता भएको अवस्था छ । तर वित्त नीति, मौद्रिक नीति भनेजस्तो उच्च दृष्टिकोण सहितको नआएकै कारण बैंकहरु ढुक्कले लगानी गर्न सकिरहेका छैनन् ।

कमजोरी बैंकहरुका पनि छन् । उनीहरु सानो भन्दा ठुलो ठुलो लगानी गर्न रुचाउँछन् । जबकि देश नै लघु उद्यम र गरिव किसानको बाहुल्यता बढी छ । जबकि गरिव, किसान, न्युन आय बर्ग बढी भएको देशमा उनीहरुमाथी पनि सँगसँगै लगानी गर्ने वित्तिय नीति संघसस्था र अर्थतन्त्र दुबैलाई फाइदा गर्न सक्छ । त्यसकारण बैंक तथा वित्तिय संस्थाले अबको लगानीको रोडम्याप बदल्नुपर्छ । राष्ट्र बैंकको निर्देशित कर्जामा मात्र सिमित नभएर दिर्घकालिन सोच सहित उत्पादन बढाउने र आर्थिक सम्बृद्धि मार्फत आफनै बिजनेस बढाउने ढंगले अघि बढ्नुपर्छ ।

यो अर्थतन्त्रको ड्राइभर सिटमा सरकार हैन, बैक र बैर्करहरु छन् । आजको दिनमा नेपालका वित्तिय संस्थाको आर्थिक सम्बृद्धिका इन्जिन हुन् । जसले अर्थतन्त्रलाई सम्बृद्धिपथमा लैजान सक्छ । जोसँग अथाह लगानीयोग्य पुँजी छ । कसैसँग मागमुग गर्नुपर्ने अवस्था छैन । तर यत्ति हो, बैंकरहरुले आफनो दृष्टिकोण, दक्षता र क्षमता भने देखाउन सक्नुपर्छ । फगत राष्ट बैंकले देखाएको वा निर्देशित गरेको कुरामा मात्रै लखरलखर अघि बढेर हुदैन ।

बैकिङ्ग क्षेत्रका ब्यवस्थापकहरुले उच्च पारिश्रमिक लिन्छन् । उच्च पारिश्रमिकसँगै उच्च उत्तरदायित्व पनि अपेक्षित हुन्छ । त्यसकारण बैंकरहरुले अर्थतन्त्रको ट्र्याक बदल्ने साहस, भिजन सहित लगानी विस्तार गर्नुपर्छ ।

नविनतम सोच, उच्च नैतिकता र दृष्टिकोण राखेर गरिने लगानी अवश्य डुब्नेछैन । फेरी सिमित ब्यक्तिमा ठुलो लगानी गर्ने भन्दा असिमित ब्यक्तिहरुमा सम्भावनायुक्त नविन लगानीमा जोड दिनुपर्छ । सिमित वर्ग र क्षेत्रलाई मात्र समेटेर गरिने लगानीले फराकिलो परिवर्त अवश्यक दिन सक्दैन । तर असिमित वर्ग, क्षेत्रलाई समेट गरिने लगानीले धेरैको प्रगतीमा सघाउन सक्छ । फलस्वरुप सम्बृद्धिलाई टेको मिल्छ । एउटै समाजमा असंख्य गरिवहरु हुनु र एकाध मान्छे



धनी हुनुले न सिंगो देशलाई धनी बनाउँछ र न त जनताका असन्तोष मथ्थर हुन्छन् । त्यसले समस्याहरु मात्र निम्त्याउँछ ।

त्यसकारण सबै धनी, सबै सम्पन्न बनाउन बैंकको कर्जा प्राथमिकता हुनुपर्छ । जबकी जनताको निक्षेप नडुब्ने गरि, सम्बृद्धिमा सघाउने गरी लगानी गर्न सकिन्छ । जस्तो कि कृषि, पर्यटन, उर्जा र साना तथा मझौला उद्योगलाई बलियो प्रोत्साहन आवश्यक छ । त्यसका लागि विशेष कर्जा योजना ल्याएर थुप्रिएको पैसालाई लगानी गर्न सक्छन् । सरकारले नीति बनाउँछ, नीजि क्षेत्रले उद्यम गर्छ, तर ती दुबैलाई गति दिने इन्धन बैंकिङ्ग प्रणालीसँग छ । त्यसैले नेपालको सम्बृद्धिको यात्रामा बैकिङ्ग क्षेत्र केवल वित्तिय मध्यस्थकर्ता होइन् आर्थिक रुपान्तरणको प्रमुख साझेदार बन्नुपर्ने बेला आएको छ ।

बैंकमा पैसा थुप्रि मात्रै रहने र बैंकहरु हेरेको हेर्‍यै गर्ने, लगानी नै विस्तार गर्न डराउने, डुब्ला कि भनेर सोचीरहने हो भने त्यसले सम्बृद्धिलाई मलजल गर्दैन । नेपालको अर्थतन्त्रको भविष्य बैंकहरुले गर्ने लगानी र उनीहरुको प्राथमिकतामा निर्भर छ ।

त्यसकारण वित्तिय क्षेत्र समकालिन नेपालको सम्बृद्धिको इन्जिन हो । यो देशको अर्थतन्त्र सवल, आत्मनिर्भर, प्रगतीशील, उत्पादनमुखी, रोजगारीमुखी बनाउन कसैले सक्छ भने त्यो बैंकहरुले नै सक्छ । त्यो भुमिका उनीहरुले प्रभावकारी रुपमा निभाउन सकुन् ।

गौतम आर्थिक लेखक तथा विश्लेषक हुन्

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा
मधेश प्रदेश, नेपाल

मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०४।१३

यस निर्देशनालयको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

तपसिल

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | भाग्यको पूर्ण साथ मिल्नेछ, जसले गर्दा रोकिएका कामहरु पुनः सुचारु हुनेछन्। |
| वृष : | आज स्वास्थ्यमा अलि उतारचढाव आउन सक्छ । |
| मिथुन : | वैवाहिक जीवन र प्रेम सम्बन्ध सुखमय रहनेछ । |
| कर्कट : | स्वास्थ्यमा राम्रो सुधार आउनेछ र तपाईमा नयाँ उर्जाको सञ्चार हुनेछ । |
| सिंह : | बौद्धिक र रचनात्मक काममा ठुलो सफलता मिल्नेछ । |
| कन्या : | आज पारिवारिक सुख र शान्तिमा केही कमी महसुस हुन सक्छ । |
| तुला : | तपाईको पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ । |
| वृश्चिक : | आर्थिक दृष्टिकोणले आजको दिन निकै राम्रो छ । |
| धनु : | नयाँ योजनाहरु बनाउन सफल हुनुहुनेछ। |
| मकर : | आज खर्चमा वृद्धि हुन सक्छ । |
| कुम्भ: | आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । |
| मीन: | नयाँ जिम्मेवारी वा पदोन्नतिको राम्रो अवसर प्राप्त हुन सक्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# तीनजना पक्राउ



**टुडे समाचारदाता**

राजविराज । भारतबाट अवैध रूपमा भन्सार छलेर ल्याएका कपडा र मोटरसाइकलसहित सप्तरीबाट तीन जना पक्राउ परेका छन् ।

प्रहरी चौकी पातो र प्रहरी चौकी तरहीबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले सोमबार बिहान करिब ३ बजे डाक्नेश्वरी नगरपालिका-३ स्थित तरही सडक खण्डमा गस्तीका क्रममा उनीहरूलाई पक्राउ गरिएको जनाइएको छ ।


प्रहरीका अनुसार भारतको लौकहीबाट तरहीतर्फ आउँदै गरेका मधेश प्रदेश ०६-००१-५१२७४ नम्बरको बजाज पल्सर मोटरसाइकल चालक २२ वर्षीय अख्तर र सोही मोटरसाइकलमा सवार १९ वर्षीय अमित कुमार रायलाई शंका लागी जाँच गर्दा रातो बोराभित्र विभिन्न किसिमका लत्ताकपडा फेला परेको थियो ।

त्यसैगरी बीआर१४ई ०४३९ नम्बरको हिरो एचएफ डिलक्स मोटरसाइकल चालक २५ वर्षीय मोहम्मद इजरायलले मोटरसाइकलमा बाँधिएको सेतो बोराबाट पनि अवैध रूपमा ल्याइएका लत्ताकपडा बरामद गरिएको प्रहरीले जनाएको छ । उक्त बरामद लत्ताकपडा, दुई वटा मोटरसाइकल र तीनै जनाको कुल मूल्य करिब रु. ३ लाख ६९ हजार ६ सय रहेको सप्तरी प्रहरीले जनाएको छ ।

बरामद सामान तथा नियन्त्रणमा लिइएका व्यक्तिहरूलाई आवश्यक कारबाहीका लागि राजविराज भन्सार कार्यालय तिलाठीमा बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी तथा प्रवक्ता प्रहरी नायव उपरीक्षक हेमराज घिमिरेले जानकारी दिएका छन् ।

# गत आर्थिक वर्षमा धनुषा र महोत्तरीमा ४० किलोमिटर कालोपत्र

जनकपुरधाम।सडकडिभिजन कार्यालय जनकपुरधामले आर्थिक वर्ष २०८२/८३ मा धनुषा र महोत्तरीमा ४० किलोमिटर कालोपत्र सडक र छ वटा पुल निर्माण गरेको छ ।



सडक डिभिजन कार्यालय जनकपुरधामका प्रमुख इन्जिनियर दारोगा प्रसादका अनुसार आव २०८२/८३ मा धनुषामा ३० किमी र महोत्तरीमा १० किमी कालोपत्रे सडक निर्माण गरिएको छ ।

त्यस आवमा धनुषामा पाँच र महोत्तरीमा एउटा पुल निर्माण सम्पन्न गरिएको छ । धनुषाको जमुनी नदी, परशुराम तलाउ नजिक अमारी खोला, दूधमती खोला, बलुवा खोला र भुतहा खोलामा पुल निर्माण गरिएको प्रमुख प्रसादले जानकारी दिनुभयो ।

महोत्तरीको अंकुश खोलामा पनि सो आवमा पुल निर्माण गरिएको छ ।

यसैबीच धनुषा र महोत्तरी जिल्लामा निर्माणाधीन पुल तथा सडक योजना अलपत्र पार्ने ११ निर्माण कम्पनीमाथि सडक डिभिजन कार्यालय जनकपुरधाम धनुषाले कारबाही अघि बढाएको छ । ती जिल्लामा निर्माणाधीन सडक तथा पुलको निर्माणको ठेक्का लिई समयमै काम सम्पन्न नगर्ने निर्माण कम्पनीसँगको ठेक्का सम्झौता रद्द गरी कम्पनीमाथि कारबाही अघि बढाएको सो कार्यालयले जनाएको छ ।

त्यस्तै जिल्लामा निर्माणाधीन केही पुल सीमा सुरक्षासम्बन्धी विषय, केहीमा ठेक्का रद्द, केही अदालती विवाद र सुस्त निर्माणका कारण काम अलपत्र परेका छन् ।

प्रमुख प्रसादका अनुसार जनकपुरधाम-जटही छ लेन सडकमा पर्ने जमुनी खोला, दूधमती खोला र बसही नदीमा निर्माणाधीन तीनवटै पुल अलपत्र पार्ने निर्माण कम्पनीसँगको ठेक्का सम्झौता रद्द गरी कारबाही प्रक्रिया अघि बढाइएको छ ।

कचुरी-नयाँटोल-कटरैत सडकको जल्लाद नदी पुल र दुहबी-हर्साहा सडकको दूधमती नदी पुल उच्च अदालतको आदेशसँग सम्बन्धित विषयका कारण निर्माण रोकिएको प्रमुख प्रसादले बताउनुभयो ।

पुल निर्माणमा भएको ढिलाइका कारण वर्षायाममा आवागमनमा समस्या, जोखिमपूर्ण यात्रा र आर्थिक गतिविधिमा असर परेको स्थानीयको गुनासो छ । रासस

# करेन्ट लागेर एकको मृत्यु

**टुडे समाचारदाता**





जनकपुरधाम । धानखेतमा पानी हाल्ने क्रममा करेन्ट लाग्दा धनुषाको हँसपुर नगरपालिका-८ झटियाहीमा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय गर्भु मण्डल रहेका छन् ।

मंगलबार खेतमा सिँचाइका लागि पानी हालिरहेका बेला अचानक विद्युत् प्रवाह भएको तारको सम्पर्कमा आउँदा उनी गम्भीर घाइते भएका थिए ।

घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान अघि बढाएको छ । प्रारम्भिक जानकारीअनुसार सिँचाइका क्रममा विद्युत् सुरक्षामा लापरवाही वा प्राविधिक कारणले दुर्घटना भएको हुन सक्ने अनुमान गरिएको छ ।

वर्षायाममा धान रोपाइँ तथा सिँचाइका बेला विद्युतीय उपकरण र तारको प्रयोग गर्दा विशेष सतर्कता अपनाउनुपर्ने भन्दै स्थानीयले पनि सबैलाई सावधानी अपनाउन आग्रह गरेका छन् ।

# असार मसान्तसम्म खपत भएको बिजुलीमा भ्याट नलाग्ने प्राधिकरणको प्रष्टोक्ति

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले गत असार मसान्तसम्म खपत भएको बिजुलीको मूल्य अभिवृद्धि कर (भ्याट) नलाग्ने स्पष्ट पारेको छ ।

आन्तरिक राजस्व विभाग तथा ठूला करदाता कार्यालयको सूचनाअनुसार भुक्तानी भइसकेको मूल्य अभिवृद्धि कर रकमलाई अग्रिम भुक्तानी कायम गरी आगामी भदौ महिनाको बिलमा समायोजन गरिने प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले सूचनामार्फत ग्राहकले भुक्तानी गरिसकेको रकमलाई आगामी महिनाको बिलमा समायोजन गर्नेगरी आवश्यक प्रबन्ध गरिएको उल्लेख गरेको छ ।

प्राधिकरणले विद्युत् खपतका आधारमा मासिक रुपमा बिलिङ हुने गरेको र गत असार महिनामा खपत भएको विद्युत्को बिलिङ साउनमा जारी गर्दा कर आकर्षित हुने वा नहुने भन्नेमा द्विविधा उत्पन्न भएको थियो ।

प्राधिकरणले यही साउन ८ गते आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयलाई पत्राचार गर्दै स्पष्ट पारिदिन आग्रह गरेको थियो । आर्थिक ऐन, २०८३ मा विद्युत्मा भ्याट लागू हुने व्यवस्था गरिएको छ ।

आन्तरिक राजस्व कार्यालयले सोमबार नै एक सूचनामार्फत असार मसान्तसम्मको विद्युत् उपभोग वा खपतको बिलिङमा भ्याट नलाग्ने स्पष्ट पारेको थियो । रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. ७, दुर्गा चौक आफ्नै घर अगाडी Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०३/०८ गते करिब दिउसो ०२:०० बजे म.प्र. ०२-०९ प २९१३ नम्बरको Spark Met रंगको ईन्जिन नं. DKXCSC29100 चेचिस नम्बर MD2A13EX5SCD84669 को बजाज कम्पनीको Pulser 220 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम: मोलवी साफी**
**ठेगाना: जनकपुरधाम उ.म.न.पा.-७ धनुषा**
**मो. नं. ९८१७६८४७८६**

---

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, धनुषा

## सूचना ! सूचना !! सूचना !!!

**सूचना प्रकाशित मितिः- २०८३/४/१३**

जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा नं. ४ बस्ने शिव शंकर साहको छोरी सुमित्रा देवीले अंगीकृत नागरिकता प्रमाण पत्र पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा शिव शंकर साह, सुमित्रा देवी साहको बुवा हो, होइन ? निजलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्छ, छैन ? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**प्रशासकिय अधिकृत**

---

## श्री शंकर जनता माध्यमिक विद्यालय
### औरही गा. पा.-६, चक्कर, धनुषा
## सूची दर्ता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/४/१३)**

यस विद्यालयका लागि आ. व. २०८३/०८४ मा तपसिल बमोजिमका सामान तथा सेवा खरिद गर्नका लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली-२०६४, सार्वजनिक खरिद ऐन-२०६३ तथा सार्वजनिक खरिद नियमावली-२०६४ बमोजिम सूची दर्ता गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक सम्बन्धित इजाजत प्राप्त फर्म, कम्पनी वा संस्था ले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र औरही गा. पा.-६ अन्तर्गत यस विद्यालयमा सूची दर्ताका लागि आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. विभिन्न प्रकारका फर्निचर तथा फर्निसिङ्ग सामानहरु (बेन्च, डेस्क तथा ल्याब फर्निचर)
२. प्राविधिक धार तर्फ (सिभिल सब इन्जिनियर) का सामान खरिद र ल्याब व्यवस्थापन
३. परामर्श दाता तथा अन्य सेवा सम्बन्धी
४. निर्माण कार्य सम्बन्धी (नमूना तर्फका भवनहरु)
५. विद्युतीय सामग्री, कम्प्युटर जन्य उपकरण, स्मार्टबोर्ड एवम् मरम्मत सम्भार

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूः**

१. फर्म तथा कम्पनीको प्रमाणित प्रतिलिपि ।
२. स्थायी लेखा नम्बर, मु. अ. कर दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. औरही गा. पा. मा रहेका व्यवसायहरुको हकमा व्यवसाय प्रमाण पत्रको प्रतिलिपि ।
४. आ. व. २०८३/०८४ को व्यवसाय कर लगायत सबै कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।

**अन्य जानकारीहरूः**

१. म्याद अघि आएको आवश्यक प्रमाण पत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाही गर्ने छैन ।
२. स्वीकृत भएका विक्रेता फर्म, संस्था वा कम्पनीहरु बाट कार्यालयको आवश्यकता अनुसारको सामान तथा सेवा खरि गरिने छ ।
३. सूचीकृत भएका विक्रेता फर्म, संस्था वा कम्पनीहरुले सन्तोषजनक सेवा वा सामान सप्लाई नगरेको खण्डमा सूचीबाट हटाइने छ । यस उपर कुनै दावी विरोध गर्न पाइने छैन ।
४. कम्पनी, फर्म वा संस्था सूचीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
५. यस सूचना अनुसार दर्ता भएका सूची आ. व. २०८३/०८४ का लागि मात्र मान्य हुनेछ ।

**प्रधानाध्यापक**

---

## सखुवानन्कारकट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सखुवानन्कारकट्टी, सिरहा
### मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।१३**

यस गाउँपालिकाको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

---

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकासित मिति २०८३/०४/१३ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले यस बैंकबाट कर्जा चुक्ता फछ्र्यौट गर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, मलंगवा सर्लाहीमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०५/२४ गते बुधबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, मलंगवा सर्लाहीमा** दिनको ठीक ३ :०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण :**

**१ ऋणीः** प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०७/१५ मा दर्ता भई प्रा.फ.र.नं. ७०४०/०७५/०७६, कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय मलंगवा, सर्लाहीबाट मिति २०७५/०७/१६ (मूं.अ.क. दर्ता मिति २०७५/०७/१६) मा करदताको नाम शैल कुमार देवी कारोवारको नाम बहु उद्देश्यीय कृषि फर्म भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८७०१४९५ को प्रमाणपत्र प्राप्त **बहु उद्देश्यीय कृषि फर्म ।**
**ठेगानाः** जिल्ला सर्लाही ब्रहमपुरी गा.पा. वडा नं. ६ ।

**प्रोप्राइटर तथा जमानतकर्ताः शैल कुमार देवी** (ना.प्र.नं. १९-०१-७०-०१११७, जारी मिति २०७०/०५/२७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगानाः सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६) । बाबुः बुनिलाल राय । पतिः कृष्णा राय । ससुराः हिरा राय ।

**जमानतकर्ताः राजन कुमार यादव** (ना.प्र.नं. १९-०१-७१-०३१११, जारी मिति २०७१।०३।३०, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ठेगानाः सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६) । बाबुः कृष्णा राय । बाजेः हिरा राय ।

**जमानतकर्ताः कृष्णा राय** (ना.प्र.नं. ६५७६१३५४, जारी मिति २०३५/०२/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगानाः सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६) । बाबुः हिरा राय बाजेः लालधारी राय ।

**जमानतकर्ताः सुशिल कुमार यादव** (ना.प्र.नं. १९ ६५७६४४९३, जारी मिति २०५३।०५।२३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ठेगानाः सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६) । बाबुः हिरा राय । बाजेः लालधारी राय ।

**जमानतकर्ताः किरण कुमारी** (ना.प्र.नं. १९१०४६/९७, जारी मिति २०६७।०३।०२, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगानाः सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६) । बाबुः पल्टु राय यादव । पतिः सुनिल कुमार यादव । ससुराः हिरा राय ।

**जमानतकर्ताः संजिव कुमार यादव** (ना.प्र.नं. १९१०४६/१३, जारी मिति २०६४।०२।०७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगानाः सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६) । बाबुः कृष्णा राय बाजेः हिरा राय

**जमानतकर्ताः राहुल कुमार यादव** (ना.प्र.नं. १९-०१-७५-०९५९३, जारी मिति २०७५।०९।२४, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगानाः सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ । बाबुः सुनिल कुमार यादव । बाजेः हिरा राय ।

**धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण**

१. शैल कुमारी देवी को नाममा मालपोत कार्यालय मलंगवा सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७क, स्थित कित्ता नं. ६४, ५६४, ७८५, २१२, ७०८, ७०३, १०२०, ५६७ र १३५३ को क्षेत्रफल ०-११-१३½-०, ०-११-१२½-०, ०-८-१५¼-०, ०-२-४-०, ०-१-१०½-०, ०-४-१२½-०, ०-७-१९-०, ०-१५-७-० र ०-१६-२-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..............................१
२. किरण कुमारी, राहुल कुमार यादव र आरती कुमारीको संयुक्त नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७क, स्थित ७ कित्ता नं. ११८५, ७८४ र १४२४ को क्षेत्रफल ०-२-१३½-०, ०-१५-१५-०, ०-६-०-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ................................ १
३. सुशिल कुमार यादवको नाममा मालपोत कार्यालय मलंगवा सर्लाही मा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं ७ख, स्थित कित्ता नं. २८ क्षेत्रफल ०-८-१०-० (बिघा)को घर/जग्गा र ऐ ऐ. वडा नं. ७, नक्सा सिट नं.७घ, स्थित कित्ता नं. ३३९, क्षेत्रफल ०-७-०-१० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेकोसम्पूर्ण लिगलगापात समेत ...............................१
४. ऋणी बहु उद्देश्यीय कृषि फर्मको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ........१

**२ ऋणीः** प्रदेश सरकार, प्रदेश नं. २ उद्योग, पर्यटन, वन तथा वातावरण उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०७/१५/०५ मा दर्ता भई प्रा.फ.र.नं. ६१४९/०७५/०७६ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय मलंगवा, सर्लाहीबाट मिति २०७५/०७/१६ (मूं.अ.क. दर्ता मिति २०७५/०७/१६) मा करदताको नाम शैल कुमार देवी कारोवारको नाम शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८७०१४९५ को प्रमाणपत्र प्राप्त **शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स ।**
**ठेगानाः** जिल्ला सर्लाही ब्रहमपुरी गा.पा. वडा नं. ६, ।

**प्रोप्राइटर तथा जमानतकर्ताः शैल कुमार देवी** (ना.प्र.नं. १९-०१-७०-०१११७, जारी मिति २०७०/०५/२७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगानाः सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६) । बाबुः बुनिलाल राय । पतिः कृष्णा राय । ससुराः हिरा राय ।

**जमानतकर्ताः राजन कुमार यादव** (ना.प्र.नं. १९-०१-७१-०३१११, जारी मिति २०७१।०३।३०, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ठेगानाः सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६) । बाबुः कृष्णा राय । बाजेः हिरा राय ।

**जमानतकर्ताः संजिव कुमार यादव** (ना.प्र.नं. १९१०४६/१३, जारी मिति २०६४।०२।०७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगानाः सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६) । बाबुः कृष्णा राय बाजेः हिरा राय

**जमानतकर्ताः कृष्णा राय** (ना.प्र.नं. ६५७६१३५४, जारी मिति २०३५/०२/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगानाः सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६) । बाबुः हिरा राय बाजेः लालधारी राय ।

**धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण**

१. शैल कुमारी देवीको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७क, स्थित कित्ता नं. २०८, क्षेत्रफल ०-२-१-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेकोसम्पूर्ण लिगलगापात समेत ..........१
२. ऋणी शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .......

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ र **शाखा कार्यालय मलगँवा, सर्लाहीबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा **शाखा कार्यालय मलगँवा, सर्लाहीमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

# गुठी टोली जनकपुरधाम आइपुगे



**टुडे समाचारदाता**

जनकपुरधाम । गुठी संस्थान अन्तर्गत रहेका विभिन्न सातवटा पोखरीको अतिक्रमित डिल तथा जग्गा चाँडै नै खाली गराइने बताइएको छ।

साउन १ गते गुठी संस्थान कार्यालयले सार्वजनिक गरेको सूचना अनुसार ती पोखरीहरुलाई अतिक्रमणमुक्त गराउन गुठी संस्थानका प्रशासक शैलेश राज कुँवर नेतृत्वको टोली मंगलबार जनकपुरधाम आइपुगेको छ।

ती टोलीलाई जनकपुरधाम उपमहानगरपालिकाका पदाधिकारीहरुसँग भेटघाट गरेका छन् । उपमहानगरपालिकामा आयोजित भेटघाटमा नगरप्रमुख मनोजकुमार साह, प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरि घिमिरे तथा कार्यपालिका सदस्य राकेश विक्रम साहले गुठी संस्थानको टोलीलाई स्वागत गरेका थिए।

भेटका क्रममा जनकपुरधामभित्र रहेका गुठीका जग्गा तथा पोखरी संरक्षण, अतिक्रमण हटाउने प्रक्रिया र आगामी कार्ययोजनाबारे छलफल भएको बताइएको छ । जनकपुरधामका ऐतिहासिक तथा सार्वजनिक पोखरी संरक्षण अभियानलाई अघि बढाउने उद्देश्यले टोली जनकपुरधाम आएको बताइएको छ । उपमहानगरपालिकाका अनुसार बुधवार बिहान बस्ने संयुक्त बैठकपछि पहिलो चरणमा रेखाङ्कन सम्पन्न भइसकेका सात वटा पोखरी क्षेत्रबाट बुधबारदेखि अतिक्रमण हटाउने अभियान सुरु गरिने तयारी गरिएको छ। गुठी संस्थानले पहिलो चरणमा रत्न सागर पोखरी, मुरलीसर, अरगज्जा पोखरी, दिर्घिका सर, दशरथ तलाउ र गोडधोई पोखरीको अतिक्रमित डिल खाली गराइने सूचना प्रकाशन गरेको थियो ।

पोखरी क्षेत्रको संरक्षण, सार्वजनिक सम्पत्तिको व्यवस्थापन तथा अतिक्रमण नियन्त्रणका लागि गुठी संस्थान र जनकपुरधाम उपमहानगरपालिकाबीचसमन्वयात्मकरूपमा अभियान सञ्चालन गरिने जनाइएको छ। ९ सदस्यीय रहेको सो टोलीमा मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्रालयका उपसचिव, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशाकीय अधिकृत र एक जना केन्द्रिय संस्कृति मन्त्रालयको पदाधिकारी थप गरी १२ सदस्यीय टोली बनाइएको छ।

स्थानीय तहले ऐतिहासिक तथा धार्मिक महत्वका पोखरीहरूको संरक्षणलाई प्राथमिकतामा राख्दै आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने जनाएको छ।

# संघीयता सबलीकरणमा वक्ताहरुको जोड

कुनै मुख्यमन्त्री, मन्त्री वा कर्मचारीको कमजोरीलाई संघीयता प्रणालीको असफलताका रूपमा चित्रण गर्नु गलत हुन्छ । पात्र बदलिन सक्छ, तर प्रणाली दीर्घकालीन हुन्छ, भन्ने धारणा राख्दै संघीयताको मूल्याङ्कन व्यक्तिको कार्यशैलीबाट नभई प्रणालीको प्रभावकारिताका आधारमा गर्नुपर्ने तर्क प्रस्तुत गरे ।




**टुडे समाचारदाता**

जनकपुरधाम । संघीयता सबलीकरणका लागि एक अर्कामाथि दोष थुपार्नुको सट्टा सबैले संविधान प्रदत अधिकारको कार्यान्वयन आ आफ्ना तहबाट गर्न जरुरी रहेकोमा वक्ताहरुले जोड दिएका छन् ।

मधेश प्रदेश सभा अन्तर्गतको प्रदेश मामिला समितिद्वारा आयोजित संघीयता सबलीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी वक्ताहरुले एक दशक नजिक पुग्दासमेत संघीयताको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण रहेको भन्दै यसको यसको सबलीकरणका लागि संविधानप्रदत्त अधिकारको पूर्ण कार्यान्वयन, प्रदेशको स्वायत्तताको सम्मान, अन्तरसरकारी समन्वय, आर्थिक सुदृढीकरण र सकारात्मक सोचका आवश्यकता रहेको भने ।

कार्यक्रममा सहभागी पूर्वमन्त्री, प्रदेशसभा सदस्य, स्थानीय तहका पूर्व पदाधिकारी लगायत विज्ञ तथा विभिन्न राजनीतिक दलका नेताहरूले संघीयताको वर्तमान अवस्था, चुनौती र सुधारका उपायबारे विस्तृत धारणा राख्दै संघीयतालाई कमजोर बनाउने प्रवृत्तिप्रति चिन्ता व्यक्त गरेका हुन् ।

वक्ताहरूले संविधानले प्रदेशलाई दिएको अधिकार अझै पूर्ण रूपमा कार्यान्वयन नभएको उल्लेख गर्दै प्रदेश प्रहरी गठन, प्रशासनिक अधिकार हस्तान्तरण, वित्तीय स्वायत्तता तथा आवश्यक संघीय कानुन निर्माणमा संघ सरकारले ढिलाइ गरेको आरोप लगाए । संघीयता सफल हुन प्रदेश सरकारलाई संविधान अनुसारका अधिकार व्यवहारमै हस्तान्तरण गर्नुपर्ने उनीहरूको साझा धारणा थियो ।

वक्ताहरुले जबसम्म प्रदेशको आफ्नो प्रशासन र अर्थश्रोत हुँदैन तबसम्म संघीयताको सबलीकरण हुन नसक्ने भन्दै संघबाट प्रदेशका अधिकारमा हुने हस्तक्षेप र स्थानीय तहमा प्रदेशलाई बाइपास गरेर सिधै बजेट पठाउने अभ्यासले संघीयताको आधार कमजोर बनाएकोमा जोड दिए ।

कार्यक्रममा तराई मधेश लोकतान्त्रिक पार्टीका वरिष्ठ नेता डा. विजयकुमार सिंहले संघीय सरकारका नेतृत्वकर्ताको प्रवृति र प्रमुख राजनीतिक दलका केन्द्रिय समितिको गतिविधिले संघीयता हाइब्रिड फेडरलिज्म बन्न गएको भने । उनले भने जबसम्म प्रदेशलाई संविधान अनुसारको अधिकार दिइदैन तबसम्म संघीयता सबलीकरण हुन सक्ने छैन ।

यस्तै अर्थविज्ञ डा. भोगेन्द्र झाले प्रदेश खर्चिलो भयो भन्ने अर्थमन्त्री स्वर्णिम वाग्लेको भनाईलाई तथ्यांक प्रस्तुत गर्दै उनलाई नालायक अर्थमन्त्रीको संज्ञा दिनु दिए । उनले भने ‘संघीयताको आलोचना गर्नु नै गलत हो । कुनैपनि व्यवस्थामा पात्र र प्रणाली दुई तत्व हुन्छन । पात्र गलत हुँदै प्रणाली पनि गलत हुन्छ भन्ने मुर्खता बाहेक केही होइन । हुन सक्छ पात्र गलत हो यसमा संघीयता प्रणालीमाथि प्रश्न उठाउनु उचित होइन ।’

कुनै मुख्यमन्त्री, मन्त्री वा कर्मचारीको कमजोरीलाई संघीयता प्रणालीको असफलताका रूपमा चित्रण गर्नु गलत हुन्छ । पात्र बदलिन सक्छ, तर प्रणाली दीर्घकालीन हुन्छ, भन्ने धारणा राख्दै संघीयताको मूल्याङ्कन व्यक्तिको कार्यशैलीबाट नभई प्रणालीको प्रभावकारिताका आधारमा गर्नुपर्ने तर्क प्रस्तुत गरे ।

कार्यक्रममा संघीयता खर्चिलो भएको आरोपको पनि प्रतिवाद गरियो । महालेखा परीक्षकको प्रतिवेदन उद्धृत गर्दै सातवटै प्रदेशसभा, प्रदेश सरकार तथा मन्त्रीहरूको कुल खर्च राष्ट्रिय बजेटको अत्यन्त न्यून अंश मात्र रहेको दाबी गर्दै प्रदेश सरकारलाई खर्चिलो भन्ने भाष्य तथ्यमा आधारित नरहेको भनियो ।

आर्थिक समृद्धि र गुणस्तरीय सार्वजनिक सेवा संघीयताको सफलताको आधार हुनेमा वक्ताहरू एकमत देखिए । कृषि उत्पादन वृद्धि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य तथा रोजगारीका क्षेत्रमा प्रदेश सरकारलाई थप अधिकार र स्रोत उपलब्ध गराएर नागरिकको जीवनस्तर सुधार्नुपर्नेमा जोड दिइयो । नागरिक आर्थिक र शैक्षिक रूपमा सशक्त नभएसम्म संघीयताप्रति विश्वास बलियो नहुने धारणा अन्य वक्ताहरुले व्यक्त गरेका थिए ।

सामाजिक सञ्जालमार्फत संघीयताविरुद्ध नकारात्मक प्रचार भइरहेको भन्दै त्यसको तथ्यपरक प्रतिवाद गर्न आवश्यक रहेको पनि कार्यक्रममा औँल्याइयो । संघीयताको उपलब्धि, प्रदेश सरकारका काम तथा नागरिकले पाएका सेवाबारे पत्रकार, सञ्चारमाध्यम, लेखक, बुद्धिजीवी तथा नागरिक समाजले सकारात्मक र तथ्यमा आधारित सूचना प्रवाह गर्नुपर्ने सुझाव वक्ताहरुले दिए ।

वक्ताहरूले संघीयता कुनै एक दल वा सरकारको एजेन्डा नभई संविधानले स्थापित गरेको राष्ट्रिय शासन प्रणाली भएको उल्लेख गर्दै यसको रक्षा र सबलीकरण सबै राजनीतिक दल, सरकार, सञ्चारमाध्यम, नागरिक समाज तथा आम नागरिकको साझा दायित्व रहेको ठहर गरे ।

संविधानले परिकल्पना गरेको संघीय शासनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न राजनीतिक इच्छाशक्ति, कानुनी सुधार, प्रशासनिक अधिकार हस्तान्तरण, वित्तीय स्वायत्तता, अन्तरसरकारी समन्वय तथा जनविश्वास अभिवृद्धि नै अबको प्रमुख कार्यभार रहेको उनीहरूको जोड थियो ।

समितिका अध्यक्ष रत्नेश्वर गोइतको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा मधेश प्रदेशका पूर्व भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव, नेता शरद यादव, जनकपुरधाम उपमहानगरपालिकाका पूर्व मेयर लालकिशोर साह, नेपाल पत्रकार महासंघका केन्द्रय सदस्य राजेश कुमार कर्ण, मिडिया काउन्सीलका अध्यक्ष वन्दना झा, आम सञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्का, पत्रकार श्याम सुन्दर शशी र आतिश मिश्र लगायतका दर्जनौ नेता तथा सरोकारवाला व्यक्तिहरुले आ आफ्ना धारणा राखेका थिए ।

## हराएको बालिका मृत भेटियो

**टुडे समाचारदाता**

वीरगञ्ज । खेतबाट हराएका पर्साको वीरगन्ज महानगरपालिका-२६ सुगौलीमा दुई बालिका भोलिपल्ट पानीमा डुबेको अवस्थामा मृत फेला परेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार सोमबार बिहान करिब ११ बजे प्रभु ठाकुरकी ५ वर्षीया छोरी पुच्की ठाकुर र ३ वर्षीया छोरी घघरी ठाकुर आफ्ना हजुरबुवा किशोरी ठाकुरसँग चक्रदहस्थित खेतमा गएका थिए। हजुरबुवाले केहीबेरका लागि उनीहरूलाई खेतमै छाडेर हजुरआमालाई बोलाउन गएको र फर्किएर आउँदा दुवै बालिका नभेटिएको प्रहरीले जनाएको छ ।

परिवारले खेत, छिमेक, आफन्त तथा सम्भावित स्थानमा खोजी गर्दा पनि बालिकाको अवस्था अज्ञात भएपछि सोमबार राति करिब ११ बजेर ५ मिनेटमा उनकी आमा अन्तिमा देवीले इलाका प्रहरी कार्यालय सुगौली बिर्तामा जानकारी गराएकी थिइन् । त्यसपछि प्रहरी नायब निरीक्षक जागेश्वर महतोको नेतृत्वमा टोली परिचालन गरी खोजी सुरु गरिएको थियो ।

## श्रीमति हत्या आरोपमा श्रीमान पक्राउ




**टुडे समाचारदाता**

मलंगवा । आफ्नै श्रीमतीको हत्या प्रयास गरेको आरोपमा सर्लाहीको बागमती नगरपालिकाबाट एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा धनकौल गाउँपालिका-१ शेखौना निवासी २१ वर्षीय बसन्ता बैठा धोबी रहेका छन् ।

उनले हिजो सोमबार राति करिब ८ बजे बागमती नगरपालिका-५ टेकानीस्थित ससुरालीमा आफ्नी १८ वर्षीया श्रीमती चिन्ता देवीमाथि कुटपिट गरी साडीको पासो लगाएर ज्यान मार्ने प्रयास गरेको आरोप रहेको प्रहरीले जनाएको छ ।

घटनाका क्रममा बहिनी नाता पर्ने १० वर्षीया कुसुम कुमारीले उक्त दृश्य देखेपछि तत्काल परिवारका सदस्यलाई खबर गरेकी थिइन् । त्यसपछि आफन्तले समयमै पासो फुकालेर चिन्ता देवीको उद्धार गरेका थिए ।

घटनापछि प्रहरी चौकी राजघाटबाट खटिएको प्रहरी टोलीले घाइतेलाई उपचारका लागि बागमती मोडेल अस्पताल, कर्मैयामा पुर्‍याएको थियो । प्रारम्भिक उपचारपछि थप उपचारका लागि उनलाई वीरगञ्ज रिफर गरिएको थियो । हाल रौतहटको गरुडास्थित बेटर नेपाल अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डीएसपी वेदप्रसाद गौतमले आरोपित बसन्ता बैठा धोबीलाई नियन्त्रणमा लिएर अनुसन्धान प्रक्रिया अगाडि बढाइएको जानकारी दिए ।

‘श्रीमाथि कुटपिट गरी साडीको पासो लगाएर ज्यान मार्ने प्रयास गरेको भन्ने सूचना प्राप्त भएपछि प्रहरीले तत्काल उद्धार र पक्राउको काम गरेको हो । घटनाबारे थप अनुसन्धान भइरहेको छ,’ डीएसपी गौतमले भने ।

## डिजेलको आयातमा ४ हजार लिटर बढीले कमी

**टुडे समाचारदाता**

बारा । डिजेलको आयातमा नेपाल आयल निगमको मधेश प्रदेश प्रादेशिक डिपो अमलेखगञ्जमा कमी आएको बताइएको छ । आर्थिक वर्ष २०८२/८३ मा अमलेखगञ्ज डिपोको डिजेल आयात अघिल्लो आर्थिक वर्षको तुलनामा ४ करोड ३४ लाख २२ हजार लिटरले घटेको छ ।



मधेश प्रदेश प्रादेशिक डिपो अमलेखगञ्जका प्रमुख अशोककुमार साहका अनुसार आर्थिक वर्ष २०८२/८३ मा ११ लाख ९ हजार ७ सय ९२ किलोलिटर डिजेल आयात भएको छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा डिजेलको आयात ११ लाख ५३ हजार २ सय १४ किलोलिटर थियो ।

अघिल्लो वर्षको तुलनामा पेट्रोलको आयात भने बढेको साहले बताए । उनका अनुसार आर्थिक वर्ष २०८२/८३ मा अमलेखगञ्ज डिपोमा ४ लाख ७५ हजार ३ सय ४२ किलोलिटर पेट्रोल आयात भएको छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा २ लाख ७७ हजार ३८१ किलोलिटर पेट्रोल आयात भएको थियो ।

गत आर्थिक वर्षमा अमलेखगञ्ज डिपोबाट स्टक ट्रान्सफर समेत सुरु भएकाले पेट्रोलको आयात बढेको डिपो प्रमूख साहले बताए । ‘गत आर्थिक वर्षबाट अमलेखगञ्ज डिपोले पेट्रोलको स्टक ट्रान्सफर पनि सुरु गरेकाले आयात अघिल्लो वर्षभन्दा झन्डै दोब्बर देखिएको हो,’ साहले भने ।

मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पायपलाइनबाट पेट्रोल आयातहुनुअघिनिगमकाअन्यडिपोले छुट्टै आयात गर्ने गरेकोमा २०८१ चैतबाट पेट्रोल पनि पाइपलाइनबाटै आउन सुरु गरेपछि अमलेखगञ्जमा भण्डारण गरी निगमका अन्य डिपोमा यहाँबाटै वितरण हुने गरेको छ ।

आर्थिक वर्ष २०८२/८३ मा मट्टीतेलको आयात पनि घटेको छ । ६ हजार ५ सय ९० किलो लिटर मटितेल यस वर्ष आयात भएको देखिन्छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा मट्टीतेलको आयात ७ हजार ५ सय किलोलिटर थियो ।

## सिंहले मेयर पद पाउने रिट खारेज

**टुडे समाचारदाता**

वीरगञ्ज । सर्वोच्च अदालतले वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले पुनः मेयर पदमा काम गर्न पाउनुपर्ने मागसहित दायर गरेको रिट खारेज गरिदिएको छ ।

सर्वोच्च अदालतको संयुक्त इजलासमा न्यायाधीशद्वय बालकृष्ण ढकाल र महेश शर्माले रिटमाथि सुनुवाइ गर्दै खारेज गर्ने आदेश दिएका हुन् । किर्ते नागरिकता प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिंहविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेपछि उनी प्रचलित कानुनी व्यवस्थाअनुसार स्वतः निलम्बनमा परेका थिए ।

गृह मन्त्रालयको छानबिन समितिले नागरिकता प्रकरणमा अनियमितता भएको निष्कर्ष निकालेपछि अख्तियारले सिंहसहित संलग्न व्यक्तिविरुद्ध विशेष अदालतमा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गरेको थियो ।

निलम्बनपछि आफूलाई पुनः मेयरको हैसियतमा काम गर्न दिनुपर्ने माग गर्दै सिंहले सर्वोच्च अदालतमा उत्प्रेषणको रिट दायर गरेका थिए । तर सर्वोच्चले उक्त रिट खारेज गरेपछि उनको निलम्बन कायमै रहने भएको छ ।


यससँगै विशेष अदालतमा विचाराधीन किर्ते नागरिकता सम्बन्धी मुद्दाको अन्तिम फैसला नआएसम्म सिंह मेयर पदमा फर्किन नपाउने भएका छन् ।












जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८